सूचना

२०७५ साल भदौ १ गते देखि लागूभएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरू :

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- य सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

कपाल धुँदा नगर्नुस् यस्ता गल्ती

पृष्ठ २ मा

वर्ष-१२ ।। अङ्क : २७० ।। २०७७ माघ १८ गते आइतबार (31st Jan. 2021, Sunday) **Pratidin** National Daily dNo-?-%÷-

बिर्तामोडमा फुड फेस्टिभलको लहर

बिर्तामोड (प्रस) । कोरोना महामारीको संक्रमण न्यूनीकरणसँगै व्यापार व्यवसाय तंग्रिने क्रममा बिर्तामोडमा फुड फेस्टिभलको लहर चलेको छ । बिर्तामोडको दुई ठाउँमा एकैदिन फुड फेस्टिभल आयोजना गरियो । वानस्टप मल अगाडि र सिटी सेन्टरमा । बिर्तामोड सिटी सेन्टरको आयोजनामा शनिवारदेखि फुड फेस्टिभल एण्ड बम्पर सेल शुरु भएको छ । बिर्तामोड सिटी सेन्टर एण्ड इन्भेष्टमेन्ट कम्पनी प्रालिअन्तर्गतको बिर्तामोड सिटी सेन्टरले बिर्तामोडको सिटी सेन्टरमा आयोजना गरेको फुड फेस्टिभल तथा बम्पर सेलको उद्घाटन बिर्तामोड नगरपालिकाका नगर प्रमुख धुव्रकुमार शिवाकोटीले गरेका थिए ।

बिर्तामोड सिटी सेन्टर एण्ड इन्भेष्टमेन्ट कम्पनी प्रालिका अध्यक्ष घनेन्द्रकुमार पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा

बिर्तामोड सिटी सेन्टरका सञ्चालक दिपेन्द्र राउतले स्वागत गरेका थिए । फुड फेस्टिभलमा भाक्कालगायत १५ वटा विभिन्न परिकारका स्टल राखिएको बिर्तामोड सिटी सेन्टरका सञ्चालक हिमालय प्रसाईले जानकारी दिए । माघ २० गतेसम्म सञ्चालन हुने फुड फेस्टिभल एण्ड बम्पर सेलमा बिर्तामोड सिटी सेन्टरमा सञ्चालित पसलबाट ग्राहकहरुले पाँचदेखि ५० प्रतिशत छुटमा सामग्री खरिद गर्न सक्ने व्यवस्था मिलाइएको बिर्तामोड सिटी सेन्टरका सञ्चालक राउतले जानकारी दिए ।

फुड फेस्टिभलको उद्घाटनमा ख्यातिप्राप्त गायक तथा प्रखर वक्ता रमेश प्रसाईको प्रस्तुति रहेको थियो भने अन्य दिन क्षितिज संगीत साधना प्रतिष्ठान झापाका कलाकारहरुको प्रस्तुती , अन्तराष्ट्रिय ब्याण्ड भायोलेटको प्रस्तुती रहने बिर्तामोड सिटी सेन्टरका सञ्चालक लक्ष्मण बस्नेतले जानकारी दिए । कार्यक्रमको सञ्चालन सञ्चारकर्मी प्रणित पुडासैनी र दिक्षा खातीले गरेका थिए ।

एकदिने खाना महोत्सव

बिर्तामोड (प्रस) । महिला उद्यमी संघ नेपाल झापाको आयोजनामा बिर्तामोडमा एकदिने खाना महोत्सव सम्पन्न भएको छ । खाना महोत्सवमा कोदोको सेलरोटी, ढिडो, गुन्द्रुकको अचार, तरुल, सिस्नोको सुप, अचारलगायत परम्परागत खानाका परिकार राखिएको थियो । त्यस्तै खाँडीको कपडा, ढाका कपडा, बाँसबाट बनाइएका विभिन्न सामग्री, मह, अचार, कोदो, फापरको पिठो, टिमुर, तीलको छोपलगायतका झापाका महिला उद्यमीहरुले उत्पादन गरेका स्थानीय सामग्रीहरुको स्टलसमेत प्रदर्शनमा राखिएको थियो ।

एकदिने खाना महोत्सवमा प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै प्रदेश एकका आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्कीले पुरुषको तुलनामा महिलाको नेतृत्व बढी सफल हुने बताए । मन्त्री कार्कीले महिलाले नेतृत्व गरेका संघसंस्था र महिलाले शुरू गरेका उद्यम व्यवसाय सफल र अब्बल देखिएको प्रसंग उल्लेख गरेका हुन् । 'महिलाले जे काम वा जिम्मेवारी लिन्छन् त्यसमा प्रतिवद्ध हुन्छन्, पुरुषको मन कतिबेला के हुन्छ भन्न सकिन्न' मन्त्री कार्कीले भने, 'राजनीतिमा पनि त्यस्तै हुन्छ, जो उम्मेद्वारको प्रचारप्रसारमा महिला बढी खटिन्छन् त्यहाँ सफलता प्राप्त हुन्छ, तर पुरुषले पार्टी परिवर्तन गरेको पनि पत्तो हुँदैन ।'महिला उद्यमीले उत्पादन गरेको सयपत्री फूललाई सुरक्षित रूपमा राख्नका लागि सिड हाउस बनाउने प्रस्ताव ल्याए प्रदेश सरकारको तर्फबाट तत्कालै सिड हाउस निर्माणको कार्य अघि बढाउने उनले आश्वासन दिए ।

त्यस्तै झापामा मेला महोत्सवका लागि सुविधासम्पन्न हल बनाउनका लागि जमिनको खोजी गर्न झापाका व्यापारी-व्यवसायीसमक्ष उनले आग्रहसमेत गरे ।

महिला उद्यमी संघ नेपाल झापाका अध्यक्ष नैनकला भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि कार्की, प्रदेश नं-१ का उद्योग वाणिज्य संघका अध्यक्ष टिकाराज ढकाल, महिला उद्यमी संघ नेपाल इलामका शुशिला सापकोटा लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन युनिता दवाडीले गरेकी थिइन् ।

तरुण दलका नेता तुम्बाफोमाथि करणीको उजुरी

बिर्तामोड (प्रस) । नेपाल तरुण दलका नेता भीम तुम्बाफोमाथि जवर्जस्ती करणीको आरोप लागेको छ । नेपाल तरुण दलका हल्दिबारी सभापति तुम्बाफोमाथि एकजना महिलाले जवर्जस्ती करणीको उजुरी दिएकी हुन् । श्रीमान नभएकी ती महिलालाई तुम्बाफोले डर त्रास देखाएर पटकपटक यौन शोषण गर्दै आएको र यातना दिएको बताइएको छ । बिहीबार इलाका प्रहरी कार्यालय बिर्तामोडमा ती महिलाले उजुरी दर्ता गराएको प्रहरी नायव उपरीक्षक सन्तोष आचार्यले पुष्टि गरे । उजुरी गर्ने महिलाको मेडिकल जाँच गरिएको र घटनामा संलग्न भनिएका तुम्बाफोको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

CAREER OPPORTUNITY

Little Flowers' English School, Birtamode is looking for candidates from English School background for the following posts.

1. Grade Teacher for Class II – B.A. (Preferably ECEC or Montessori trained) – 1
2. Science Teacher – B.Sc. (For Lower Secondary) – 1
3. Maths Teacher – B.Sc. (For Lower Secondary) – 1
4. English & Social Study Teacher – B.A.. (For Lower Secondary) – 1

Interested candidates are required to submit handwritten application with copies of credentials and contact phone number (a must) latest by 30th of Magh 2077 (12th of February 2021) to:

The Principal,
Little Flowers' English School
Birtamode, Jhapa
☎ 023 – 540172 / 540767 / 540191
Email – info@lfes.edu.np

ONLY SHORTLISTED CANDIDATES WILL BE CALLED FOR THE INTERVIEW

दानाबारी रेडक्रसको कार्ययोजना

माई (प्रस) । नेपाल रेडक्रस सोसाईटी दानाबारी उपशाखाको १६ औ साधारणसभा शनिबार सम्पन्न भएको छ । माई नगरपालिकाका मेयर दिपककुमार थेबेको प्रमुख आतिथ्यता सम्पन्न साधारणसभामा आर्थिक बर्ष २०७६/०७७ को प्रगति प्रतिवेदन सचिव हरिप्रसाद गुराँगाई र आर्थिक प्रतिवेदन कोषाध्यक्ष शिवलाल आचार्यले प्रस्तुत गरेका थिए । उपशाखा सभापति मित्रप्रसाद गौतमको अध्यक्षतामा सम्पन्न सभाले आगामी बर्षमा कार्यालय घेरावारा, रडरोकन, सोलार वत्ती जडान, खानेपानी ब्यबस्थापन र कम्प्युटर तथा फोटोकपी ब्यबस्थापन गर्ने कार्ययोजना प्रस्तुत गरेको सचिव गुराँगाईले बताए ।

सभाको समापन कार्यक्रममा मेयर थेबे, वडाध्यक्ष सूर्यप्रसाद दुलाल, रेडक्रस पूर्व सभापति कृष्ण खाकी, समाजसेबी बिष्णुकुमार घिमिरे, यदुनाथ दुलाल, भक्तबहादुर काफ्ले , राधिका घिमिरेलगायतले मन्तब्य राखेका थिए ।

हार्दिक निमन्त्रणा

यहि मिति २०७७ माघ २७ गते मंगलबार मोरङ बेलबारी नगरपालिका ११, लक्ष्मीमार्ग पानी ट्याङकीको छेउमा ठाकुर ब्रम्हाणीको वृहत सामुहिक पुजा हुने भएकोले झापा मोरङ र सुनसरीको राजवंशी समाज र समस्त राजवंशी बन्धुहरुलाई उपस्थिति भई कार्यक्रमको शोभा बढाईदिनुहुन हार्दिक निमन्त्रणा गर्दछौं ।

मितिः २०७७ माघ २७ गते मंगलबार
समयः दिउँसो १२ बजेदेखी
स्थानः बेलबारी ११ , लक्ष्मीमार्ग (पानी ट्याङकीको छेउ)

जलधर राजवंशी
संयोजक
राजवंशी समाज विकास धार्मिक स्थल
डाँगीहाट+भाउनी, मोरङ

ASM
AADARSHA SCHOOL OF MANAGEMENT

ADMISSION OPEN
DIPLOMA IN HOTEL MANAGEMENT

Preparing Future Ready Professionals for Hospitality Industry.

APPLY NOW

AADARSHA SCHOOL OF HOTEL MANAGEMENT
aadarsha.sm@gmail.com
023-546755
9806055500 I 9852626026
Namaste Toll , Birtamode -3, Jhapa Nepal

जिल्लास्तरीय सन्थाल फुटवलको उपाधि आयोजक टीमलाई

कुमरखोद (प्रस) । सन्थाल समाज झापा गाउँपालिका वडा न ७ को आयोजनामा संचालित जिल्लास्तरीय सन्थाल समुदाय नकाउट फुटवल प्रतियोगिताको फाईनेल खेल शनिवार सम्पन्न भएको छ। जिल्लाका १६ वटा सन्थाल टिमले प्रतियोगितामा भाग लिएको सन्थाल समाजका अध्यक्ष नरेश मुर्मुले जानकारी दिएका छन् ।

फाईनलमा आयोजक टिम र चारपानेबीच भएको प्रतिस्पर्धामा दुवै तर्फवाट कुनै गोल हुन नसकेपछि पेनाल्टीमा ४-० को गोल अन्तरले चारपानेको टिमलाई हराउँदै आयोजक टिमले उपाधि रक्षा गरेको हो । आफै विजेता बनेको आयोजक टीमले नगद २५ हजार , प्रमाणपत्र

र मेडल पाएको छ । त्यसैगरी उपविजेता टीम चारपानेले नगद १५ हजार, प्रमााणपत्र र मेडलमा चित बुझाएको छ। उपविजेता टिमका राज सोरेन उत्कृष्ट खेलाडी भए भने हाईस्कोर आयोजक टिमका उमेश मुर्मु घोषित भए । सन्थाल समाजका अध्यक्ष नरेश मुर्मुको अध्यक्षतामा सम्पन्न भएको प्रतियोगिता समापन कार्यक्रमको प्रमुख अतिथि झापा गाउँपालिका अध्यक्ष जयनारायण शाह रहेका थिए भने विशेष अतिथि गाउँपालिका उपाध्यक्ष कुन्तीदेवी वुढाथोकी रहेकी थिइन् ।

घना किस्कुले स्वागत गरेको कार्यक्रममा उपाध्यक्ष वुढाथोकी , शिव कँडेल , नेत्र उप्रेती , हरि वानियाँले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको संचालन वासु दाहालले गरेका थिए।

प्रादेशिक सञ्चार प्रतिष्ठानलाई पूर्णता

बिराटनगर (प्रस) । प्रदेश १ को प्रादेशिक सञ्चार प्रतिष्ठानमा चार जनालाई सदस्यमा मनोनयन गरिएको छ।

प्रदेश सरकारले यही वर्ष स्थापना गरेको प्रतिष्ठानमा विराटनगरका वरिष्ठ पत्रकार यज्ञ शर्मा यसअघि नै कार्यकारी निर्देशकको रुपमा नियुक्त भइसकेका थिए। शुक्रबारको मन्त्रीस्तरीय निर्णयले झापाबाट साझामञ्च डटकमका सम्पादक गोपाल काफ्ले, मोरङबाट महेन्द्र बिष्ट, सुनसरीबाट निलिफा सुब्बा र धनकुटाका राजेश्वर श्रेष्ठलाई सदस्यमा मनोनयन गरेको हो ।

प्रादेशिक सञ्चार प्रतिष्ठान नियमावली २०७७ दफा ६ (२) १ अनुसार सदस्यहरुको पदावधि नियुक्त भएको मितिले ४ वर्षको हुनेछ ।सदस्यमा मनोनयन गरिएकै दिन प्रतिष्ठानको पहिलो बैठक अध्यक्ष तथा आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्कीको अध्यक्षतामा बसेको थियो । पहिलो बैठकले प्रतिष्ठानको नीति, कार्यक्रम तथा चालू आर्थिक वर्षको बाँकी अवधिका लागि बजेटसमेत पारित गरेको छ ।

बैठकले प्रतिष्ठानमा आवश्यक पर्ने कर्मचारीको दरबन्दी, सांगठानिक संरचना तथा कार्यविभाजनको प्रस्ताव पनि सर्वसम्मत स्वीकृत गरेको कार्यकारी निर्देशक शर्माले बताएका छन् ।

यसैगरी प्रतिष्ठानको प्रतिक चिन्ह (लोगो) लाई परिमार्जनसहित पारित गरिएको छ। प्रतिष्ठानले प्रदेश १ को सञ्चार क्षेत्रलाई दक्ष र सक्षम तुल्याउन विभिन्न तालिम तथा कार्यक्रम सञ्चालन गर्ने कार्ययोजना बनाएको छ। प्रतिष्ठानले प्रारम्भमा पत्रकार तथा आमसञ्चार माध्यमको वर्तमान अवस्था पहिचान गर्ने, तालिमका लागि मापदण्ड बनाउने, पत्रकारको हकहित एवम् सुरक्षाको क्षेत्रमा काम गर्ने, सूचनाको हक तथा पत्रकार आचारसंहिताका विषयमा सचेतना अभिवृद्धि गर्नेलगायतका कार्ययोजना बनाएको कार्यकारी निर्देशक शर्माले जानकारी दिएका छन् ।

बैठकको अध्यक्षता गर्दै मन्त्री कार्कीले प्रादेशिक सञ्चार प्रतिष्ठानलाई भौतिक तथा व्यवहारि करुपमा सक्षम बनाउन मन्त्रालयको साथ रहने बताएका थिए ।

भुपू विद्यार्थी समाजको सम्मान कार्यक्रम

कुन्जीबारी (प्रस) । गौरीगञ्ज गाउँपालिका वडा न.१ कुन्जीवारीस्थित बाल बालकल्याण माध्यमिक विद्यालयका भुतपूर्व विद्यार्थी समाजले पूर्व कर्मचारी र प्रधानाध्यापकहरूलाई यस वर्ष पनि सम्मान गरेको छ।

शुक्रवार पर्यटकीय स्थल दोमुखामा भुतपूर्व विद्यार्थीले वनभोजसहित पुनर्मिलन कार्यक्रम गरी २०३८ सालदेखि विद्यालयमा अनवरत सेवा पुर्याउदै आएका कर्मचारी बाजे भिमप्रसाद खतिवडालाई नगद ५ हजार र सम्मानपत्र तथा पाँच जना पूर्व प्रधानाध्यापकलाई सम्मान गर्नुका साथै विभिन्न क्षेत्रमा संलग्न ८ जना पूर्व विद्यार्थीहरुलाई मायाको चिनो प्रदान गरेको थियो ।

उनीहरुलाई गौरीगंज गाउँपालिकाका उपाध्यक्ष दिपिन्द्र थापा, संस्थाका अध्यक्ष विष्णु पौडेल, वडा नं १ का अध्यक्ष कार्तिकलाल राजवंशीलगायतले अविर लगाएर सम्मान गरेका हुन्।

भुतपूर्व विद्यार्थी समाजले विद्यालय र विद्यार्थीलाई हित र उन्नतिमा विशेष योगदान पुर्याए बापत उनीहरुलाई सामूहिक रुपमा सम्मान गरेको हो । यसरी सम्मानित हुने

प्रअहरूमा जयलाल राजवंशी,नारायणबहादुर कार्की, भोलाप्रसाद खतिवडा, देवीप्रसाद बराल, अच्युत नेपाल रहेका छन् । त्यसैगरी संस्थाले २०६१ सालमा मोटरसाईकल दुर्घटनामा परेका विद्यालयका भुतपूर्व शिक्षक मोहनप्रसाद ओलीकी श्रीमती सीता ओलीलाई सशक्त नारी सम्मानले सम्मानित गरेको थियो भने ८ जना भुतपूर्व विद्यार्थीलाई मायाको चिनो प्रदान गरिएको थियो ।

अक्षयकोषको घोषणा

२०१७ सालमा स्थापना भएको बालकल्याण माविमा एसएलसी दिने दोस्रो ब्याचका ३ जना पूर्व विद्यार्थीले छात्रवृत्ति अक्षयकोष स्थापना गर्ने घोषणा गरेका छन् । बालकल्याण माविबाट एसएलसी दिने दोस्रो ब्याचका प्याब्सन सुनसरीका अध्यक्ष तथा विद्यालयका भुतपूर्व विद्यार्थी विष्णु कोईराला, भुतपूर्व विद्यार्थी जमुना राजवंशी र सुशीला निरौलाले ५१ हजार रूपैयाँको छात्रवृत्ति अक्षयकोष स्थापना गर्ने घोषणा गरेका हुन् । उक्त अक्षयकोषलाई १ लाख रूपैयाँसम्म पुर्याई त्यसको ब्याजबाट वार्षिकरूपमा हुन आउने रकमबाट विद्यालयका मेधावी तथा जेहेन्दार विद्यार्थीलाई प्रोत्साहनस्वरूप पुरस्कृत गरिने भुतपूर्व विद्यार्थी समाजका अध्यक्ष विष्णु पौडेलले बताए ।

कार्यक्रममा प्रमुख अतिथि गाँउपालिका उपाध्यक्ष थापा,वडा नं १ का अध्यक्ष राजवंशी, विद्यालयको पहिलो ब्याचबाट कल्याणराज दाहाल,पूर्व शिक्षक चन्द्रबहादुर खड्का,तत्कालिन गाविस उपाध्यक्ष देवेन्द्र राजवंशी, व्यवस्थापन समितिका पूर्व अध्यक्ष पर्शुराम काफ्ले , शिक्षा अधिकृत केशवप्रसाद भट्टराई , सुनसरी प्याब्सनका अध्यक्ष विष्णु कोईराला, पत्रकार राजेन्द्र गौतमलगायतले शुभकामना मन्तब्य राखेका थिए ।

बिर्तामोडमा भूमिका सप्लायर्स

बिर्तामोड (प्रस) । सरसफाईका स्वदेशी उत्पादन ग्राहकसमक्ष आपूर्ति गरी प्रवर्द्धन गर्ने उद्धेश्यले बिर्तामोडमा भूमिका सप्लायर्स स्थापना गरिएको छ। सर्जिकल र मेडिकल सामानहरु पूर्वका चार जिल्लाका ग्राहकसमक्ष पुर्याउने उद्धेश्यले आफूहरुले अधिकृत बिक्रेताको रुपमा सो सप्लायर्स खोलेको कार्यालय प्रमुख सन्तोष राजवंशीले बताए। उनले स्वदेशी त्यसमा पनि स्थानीय उत्पादनलाई बजारीकरण गरिने जानकारी दिए। सप्लायर्सले शुरुमा कंचनजंघा हस्पिटल इक्युपमेन्ट प्रालि बिर्तामोड र फ्युचर केमिकल प्याकेजिङ उद्योग बाह्रदशीका उत्पादनलाई आपूर्ति गर्ने जनाएको छ। कार्यक्रममा कंचनजंघा हस्पिटल इक्युपमेन्ट प्रालिका सेल्स मेनेजर सेमन्त पोखरेल , मेनेजर रुशिल श्रेष्ठ , फ्युचर केमिकल प्याकेजिङ उद्योगका प्रबन्ध निर्देशक चन्दनकुमार चौधरी , मार्केटिङ अफिसर लोकनाथ नेपाललगायतले आफूहरुले उत्पादन गरी आपूर्ति गर्ने सामानको विशेषताका बारेमा प्रकाश पारेका थिए । सो अवसरमा भूमिका सप्लायर्सले झापाका संस्थागत विद्यालयका छात्राहरुलाई १२०० वटा प्याड निशुल्क वितरण गरेको जानकारी दिइएको छ। करीव १ लाख छात्रालाई निशुल्क प्याड वितरण गर्ने योजना रहेको कार्यालय प्रमुख राजवंशीले बताए ।

पिछडा उत्थान कृषि सहकारीको साधारणसभा

कुमरखोद (प्रस) । झापा गाउँपालिका वडा नं २ झापा वजारमा रहेको पिछडा उत्थान कृषि सहकारी संस्थाले शनिबार छैंठो वार्षिक साधारणसभा सम्पन्न गरेको छ।

संस्थाका अध्यक्ष कृष्ण केवरतको अध्यक्षतामा भएको कार्यक्रममा

प्रमुख अतिथि झापा गाउँपालिका अध्यक्ष जयनारायण शाह रहेका थिए ।

संस्थाका अध्यक्ष केवरतले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै २४९ जना शेयर सदस्य रहको संस्थामा आगामी आर्थिक वर्षमा ३५० जना शेयर सदस्य वृद्धि गर्ने लक्ष्य रहको बताए। उनले संस्थामा हाल ५७ लाख ९३ हजार २ सय ४६ रुपैयाँ शेयर चुक्ता पूँजी रहेको बताउँदै सम्पूर्ण खर्च कटाएर यो वर्ष ७ लाख ५९ हजार रुपैयाँ नाफा कमाएको जानकारी दिए।

प्रमुख अतिथि गाउँपालिका अध्यक्ष शाहले कोरोना कहरको समयमा पनि यस संस्थाले नाफा कमाउन सफल भएकोमा धन्यवाद दिँदै सम्पूर्ण सहकारी संस्थाहरुलाई गाउँपालिकामा सूचीकृत हुन आग्रह गरे ।

लेखा समितिका सदस्य कुन्तीदेवी गणेशले स्वागत मन्तव्य राखेको कार्यक्रममा झापा गाउँपालिका वडा नं १ अध्यक्ष राजकुमार यादव , साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष कल्पना खड्का, नेपाल रेडक्रस सोसाइटी कुमरखोद शाखाका सभापति सुन्दरलाल गणेशले मन्तव्य राखेका थिए। कार्यक्रममा उत्सव कृषि सहकारीका प्रवन्धक पशुपतिलाल गणेश , पत्रकार वरतलाल राजवंशी , मिथिलेसकुमार गणेश , लखि गणेश , विभाकुमारी स्वर्णकार , वडा सचिव नारायण चम्लागाई, प्रदिपकुमार गणेशलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन राजकुमार कोचले गरेका थिए ।

रविन...

म्याराथन प्रतियोगिता आगामी वर्षमा अझ स्तरीय र व्यवस्थित बनाइने बताए। झापा ११ फुटवल क्लबका अध्यक्ष जलकुमार गुरुङले च्याम्पियन बन्न त्यति सहज नभएको र खेलाडीले जित्नकै लागि खेल्नुपर्ने बताए ।विजेतालाई प्रदेशसभा सदस्य कार्की, नगरप्रमुख शिवाकोटी, झापा ११ एफसीका अध्यक्ष गुरुङ, प्रमुख प्रशासकीय अधिकृत गणेशप्रसाद दाहाल, जिल्ला ट्राफिक प्रमुख प्रकाश जवेगू, वडा नम्बर ३ का वडा अध्यक्ष भोजराज सिटौला, वडा नम्बर १० का वडा अध्यक्ष दूर्योधन गुरुङलगायतले पुरस्कार वितरण गरेका थिए ।समितिका उपाध्यक्ष दुर्गाराज निरौला र केशव भण्डारीले सहजीकरण गरेको कार्यक्रममा सञ्चारकर्मी सरोज पौडेलले स्वागत गरेका थिए।

"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा
१ नं प्रदेश, नेपाल

करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : - २०७७/१०/१७)

हल्दीवारी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७७1१०। ५ गतेको निर्णय अनुसार **भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अब्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७** बमोजिम यस गाउँपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अब्यवस्थित बसोवासीको लगत संकलन इकाइको लागि तपसिलका उल्लेखित कर्मचारीहरु सेवा करार पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

सि.न.	विज्ञापन नं.	पद	तह	संख्या
१.	५/०७७ /०७८	सर्वेक्षक	स्थानीय सेवाको पाँचौ तह सरह	२
२.	६/०७७ /०७८	अमिन	स्थानीय सेवाको चौथो तह सरह	१
३.	७/०७७ /०७८	तथ्यांक संकलक	स्थानीय सेवाको चौथो तह सरह	५
४.	८/०७७ /०७८	लगत प्रविष्टिकर्ता	स्थानीय सेवाको चौथो तह सरह	२
५.	९/०७७ /०७८	सामाजिक परिचालक	स्थानीय सेवाको चौथो तह सरह	२
६.	१०/०७७ /०७८	फिल्ड सहयोगी	श्रेणिविहिन	२

१.आवश्यक न्यूनतम योग्यता र अनुभव : -

(क) **सर्भेक्षक –** मान्यता प्राप्त शिक्षण संस्थाबाट जुनियर सर्भे वा जियोमेटिक्स .विषयमा ३ बर्षे प्रमाणपत्र तह सरहको डिप्लोमा तह उतीर्ण गरेको ।

(ख) **अमिन –** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित बिषय लिइ एस एल सी वा एस इ इ मा कम्तिमा C ग्रेड प्राप्त गरि सर्भे वा जियोमेटिक्स बिषयमा कम्तिमा एक बर्षको तालिम प्राप्त गरेको ।

ग) **तथ्यांक संकलक–** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषय सहित कुनै बिषयमा कम्तिमा प्रमाणत्र तह वा सो सरह उतिर्ण गरि कम्तिमा ३ महिनाको कम्प्यूटर तालिम लिएको ।

घ) **लगत प्रबिष्टिकर्ता –**मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित बिषय लिइ एस एल सी वा सो सरह उतिर्ण गरि कम्तिमा ३ महिनाको कम्प्यूटर तालिम लिएको ।

ङ) **सामाजिक परिचालक–** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित बिषय लिइ एस एल सी वा सो सरह उतिर्ण ।

च) **फिल्ड सहयोगी –**कक्षा ८ उत्तिर्ण गरी मोटरसाइकल चलाउन जान्ने

(ग) उमेर :- कम्तीमा १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थान** :-हल्दीवारी गाउँपालिकाको कार्यालय

३. **दरखास्त दिने अन्तिम मिति** :- २०७७ फागुन १ गते (बिदाको दिन परेमा भोलिपल्ट)

४. **आवेदन दस्तुर** :- रु ५००

५. **छनौटको किसिम** :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा अन्तरवार्ता ।

६. **आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयंमले प्रमाणित गरेका देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
क) नागरिकता ख) न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र ग) अनुभव खुल्ने कागजात
घ) २ प्रति पासपोर्ट आकारको फोटो

७. **पदले सम्पादित गर्नुपर्ने कार्य विवरण** :- भूमिहीन दलित ,भूमिहीन सुकुम्वासी र अब्यवस्थित बसोवासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि २०७७ बमोजिम

नोट :- सम्बन्धित पदको पाठ्यक्रम लोक सेवा आयोगले तय गरे बमोजिम हुनेछ । अन्य थप जानकारीका लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

(प्रविन दहाल)
प्रमुख प्रशासकीय अधिकृत

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नेपाल सरकार
प्रदेश नं. १
बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
०२३-५४०२४४

व्यवसाय दर्ता र नविकरणको म्याद थप सम्बन्धी सूचना

विर्तामोड नगरपालिकाले हालको विषम परिस्थितिमा राहत स्वरुप कर ,राजश्वको दायरा भित्र नपरेका वा नआएका कम्पनी संचालक, उद्योगी तथा व्यवसायीहरुलाई २०७४ असार मसान्त सम्मको नविकरण तथा कर वक्यौता रकम छुट दिने र अन्तिम चार वर्ष (०७४/७५ देखि ०७७/७८) सम्मको व्यवसाय कर लिइ दर्ता तथा नविकरण गर्न दिएको समय अवधी करदाताको चाप तथा माग बमोजिम यस कार्यालयको मिति २०७७/१०/०४ को निर्णयानुसार २०७७ साल फाल्गुन मसान्त सम्म थप गरिएको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

- गणेशप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

अभिव्यक्ति

जीवनशैली

कपाल धँदा नगर्नुस् यस्ता गल्ती

हामी सबै आफ्नो कपाल सुन्दर, कमलो र चमकदार होस् भन्ने चाहन्छौं । कपाल धेरै नझरोस् र जस्तो स्टाइल पार्न पनि मिलोस् भन्ने पनि हाम्रो चाहना हुन्छ । आजकलका विज्ञापनले पनि यो चाहनालाई लक्षित गरिरहेका हुन्छन् ।

तर सबैखाले सिफारिस र विज्ञापनले काम गर्छन् भन्ने छैन । अनि सोचेजस्तो नभएपछि मानिसहरू निराश हुन्छन् । त्यसैले यस्ता विज्ञापनका पछि लाग्नु भन्दा केही सामान्य गल्तीलाई नदोहोऱ्याउने हो भने कपाल राम्रो हुन्छ ।

तातोपानीले ननुहाउनुस्

दिनभर काम गरेर थाकेपछि तातो शावरमा छिर्न मन त लाग्छ । त्यसमाथि अहिले चिसोको समय छ । तर यसरी तातो पानी टाउकोमा हाल्दा कपाल झर्छ । मनतातो पानीले नुहाएको ठीक । सम्भव भएसम्म चिसो पानीले कपाल नुहाउँदा त्यसले आराम पाउँछ ।

कन्डिस्नरको प्रयोग

कन्डिस्नरको प्रयोगपछि धेरैजनाले त्यसलाई काम गर्न नदिइकन धोइहाल्छन् । तपाईं यो गल्ती नगर्नुस् । एउटा निश्चित समयसम्म कन्डिस्नरलाई टाउकोमा रहन दिनुस् । अनि कहिल्यै पनि चिसो कपालमा

कन्डिस्नर नलगाउनुस् । सुख्खा कपालमा लगाएर केही समयपछि धुनु नै सही तरिका हो ।

रुमालले कपाल नसुकाउने

रुमालले कपाल सुकाउन खोज्दा कपाल जर्खरिन्छ र यसकारण कपाललाई हानि हुन्छ । यसको साटो तपाईं टिसर्ट कपालमा बाँध्नुस् वा पेपर ब्लट प्रयोग गर्नुस् ।

अति सर्वत्र वर्जयेत्

तपाईंले टन्न श्याम्पू वा कन्डिस्नर प्रयोग गर्दा कपाल राम्रो हुन्छ भन्ने ठान्नुहुन्छ भने त्यो गलत हो । धेरै हालेर जितिने यो कुनै प्रतियोगिता होइन, थोरै काफी छ ।

हल्का माड्नुस्

भाँडा माझेजस्तो गरी टाउको घोट्नुभयो भने कपालमा समस्या आउँछ । यसो गर्दा कपाल झर्छ र कमजोर हुन्छ । हल्का मात्र माड्नुस् र कपाललाई हानिबाट जोगाउनुस् ।

फेदबाट टुप्पोतिर

कपालको सबभन्दा महत्वपूर्ण कुरा भनेको जरो हो । कन्डिस्नरलाई कपालको फेदबाट टुप्पोतिर लगाउँदा तपाईंको कपाल नरम हुन्छ ।

श्याम्पू राम्रो चिज होइन

विज्ञापनहरूमा श्याम्पूका कारण कपाल नरम हुने भनी देखाइएको हुन्छ । यसो हुँदैन । लामो समयसम्म श्याम्पू प्रयोग गर्दा कपाललाई फाइदा भन्दा पनि हानि गर्छ । तिनीहरूमा भएका रसायनले तपाईंको कपाल सुख्खा हुन्छ र कपाल झर्न थाल्छ । यसको साटो विशुद्ध पानीले कपाल धुनुस् ।

बिहेअघिको त्यो 'गल्ती'

❖ अनामिका

जुन कुरा नहोस् भनेर मैले कैयौं दिनदेखि भगवानसँग प्रार्थना गरिरहेकी थिएँ, आखिर त्यही कुरा भएरै छोड्यो- मेरो पतिले सुहागरातकै दिन मेरो 'भर्जिनिटी'को बारेमा शंका गर्दै मलाई प्रश्न गरे- यो भन्दा पहिले तिम्रो कसैसँग '? म राती निली भएँ, डरले मेरा अधरहरू काँप्न थाले, मुख सुक्यो, लाजले मेरा नजर झुकें। म बोल्न सकिनँ।

मेरो बिहे हुने टुंगो लागेपछि मलाई मेरो ' भर्जिनिटी'को कुराले निकै सताउँदै आएको थियो। मेरो हुनेवाला पतिले मेरो 'भर्जिनिटी'को बारेमा प्रश्न उठाए भने मैले के जवाफ दिने होला, कसरी उनलाई सम्झाउने होला अनि त्यसबाट हाम्रो वैवाहिक जीवनमा पर्नसक्ने असरबाट कसरी बच्ने होला भनेर म निकै तनावमा थिएँ तर मैले कसैलाई पनि त्यो कुरा बताउन सक्दिनथें।मैले बिहे अगाडि जे गरें त्यो मेरो जवानीको जोशमा गुमेको होसले निम्त्याएको परिणाम थियो, त्यो एउटा गल्ती थियो।

तर त्यसो भन्दैमा उनले त्यति सजिलै त्यसलाई लिने छैनन् भन्ने पनि मलाई थाहा थियो।

एउटा सानो उत्तेजना आफूलाई सम्हाल्न नसक्दा म उम्कनै नसक्ने गरी फसिसकेकी थिएँ।

मलाई थाहा थियो सबैजसो पुरूषहरू आफ्नी श्रीमतीको पवित्रताको बारेमा निकै संवेदनशील हुन्छन्।

उनीहरूले आफ्नी श्रीमती आफ्नो व्यक्तिगत सम्पत्ति हुन् जस्तो ठान्छन्। सबै श्रीमानहरूको लागि बिहे पछिको त कुरा छोडौं, बिहे अगाडि पनि श्रीमतीका पुराना सम्बन्धहरू र कृयाकलापहरू पनि स्वीकार्य हुँदैनन्।

मैले कल्पनामा पनि सुन्न नचाहेको त्यो प्रश्न मेरा पतिले नसोधुन् भन्ने पुकारा गर्दै मेरो सुहागरातको दिन म निकै तनावमा कोठाभित्र उनको प्रतीक्षा गर्दै थिएँ।

सायद सबै महिलाहरू सुहागरातको दिन तनावमै हुन्छन् होला। लोग्ने मान्छेसँग पहिलो पटक एउटै कोठामा, एउटै ओछ्यानमा ढोकामा चुकुल लगाएर सुत्नु पर्दा कुन चाहिँ महिलालाई तनाव नहोला र ? तर त्यो तनावमा मेरो अर्को तनाव पनि थपिएर म निकै अधिर भएकी थिएँ।

तनावसँगै म अलिकति भए पनि के होला, कस्तो होला, भनेर उत्सुक र रोमान्चित पनि थिएँ। त्यो दिन मैले कसैलाई आफ्नो तन, मन र जीवन दिँदै थिएँ। बिहेको रातो पोशाकमा सजिएकी म हाम्रो सुहागरातको लागि भनेर श्रृङ्गारिएको सुन्दर कोठाको पलङको डिलमा बसेर उनी आउने प्रतीक्षा गरिरहेकी थिएँ।

सायद सबै नवविवाहित दुलहीहरूलाई हुँदो हो कि सुहागरातको दिन उसको पति मायालु पाराले आउन्, आफ्नो घुम्टो खोलुन्, नशालु नजरले आफूलाई हेरून्, आफूले पनि लजाएर उनलाई हेरियोस् अनि एकै नजरमा जीवनभर कहिले डगमग नहुने, कसैको नजर नलाग्ने माया बसोस्, दुई मन एक बनुन्, दुई शरीर एक बनुन् त्यस्तै त्यस्तै।

म पनि त्यस्तै आशा गरेर उनको प्रतीक्षा गर्दै थिएँ। ती सुन्दर कल्पनामा मेरो 'भर्जिनिटी'को तनावले घरिघरि भाँजो हालिरहेको थियो।

म त्यसलाई बिर्सेर आफ्नो सुहागरात रंगीन र अविस्मरणीय बनाउन चाहन्थें तर फेरि त्यही प्रश्न दिमागमा तैरिन आइहाल्थ्यो(म 'भर्जिन' नभएको उनले थाहा पाए भने के गर्ने ?

उनी आए। कोठामा अलि मधुरो बत्ती थियो। त्यसमा ' जीरो वाट'को अर्को रातो बत्तीको प्रकाशले वातावरण झन् मनमोहक बनाएको थियो। अत्तर छिटेको मेरो शरीरबाट आएको सुगन्ध कोठाभरि फैलिएको थियो। भित्र पसेर उनले ढोका बन्द गरे, चुकुल लगाए। मेरो मुटुको धड्कन तेज भयो।

त्यसपछि उनी मेरो नजिक आएर छेउमा बसे। म मूर्तिजस्तै हलचल नगरी बसेकी थिएँ। मलाई डर र उत्सुकता दुवै लागिरहेको थियो। सुहागरातमा के गर्नुपर्छ भन्ने कक्षा मलाई कसैले दिएको थिएन त्यसैले उनले जे गर्छन् त्यहीमा सहमति जनाउनु नै मेरो लागि सबभन्दा सजिलो र उत्तम उपाय थियो।

उनी मेरा पति, मैले मान्नुपर्ने मान्छे। अब ममाथि उनको हुकुम चल्नेछ। मेरो मनमा उनी बस्नेछन्, मेरो मनमा हैकम जमाउनेछन्। मनमा मात्र हैन केही छिनमा उनले मेरो शरीरमा पनि स्वामित्व जमाउने छन्। त्यसपछि मेरो शरीर यो जुनीभरि उनको लागि हुनेछ, सिर्फ उनको लागि। मेरो मनमा तिनै सोचाइहरू आइरहेका थिए।

त्यही बेला हामीबीचको अमुकता र कोठामा छाएको सन्नाटालाई तोड्दै उनले हिम्मत गरेर मेरो घुम्टो खोल्न लागेको जस्तो गरे र सोधेँसुत्ने हो? मलाई निकै थकाइ लागेको थियो, म जतिसक्यो छिटो सुत्न चाहन्थें तर कसरी उनीसँग एउटै ओछ्यानमा सुत्ने? त्यसैले सुत्न मन लागे पनि मैले सुत्न मन नलागेको बहाना बनाएर टाउको हल्लाएँ।

त्यसपछि उनले मलाई हातमा समातेर ओछ्यानतिर ताने। म नाकमा डोरी लगाएको गाईजस्तै उनको बशमा परेर ओछ्यानको बीचमा गएर बसें। उनी अलि नजिक आएर मेरो हात समाते र मेरो ढाडतिरबाट मलाई अङ्गालो हाले। मैले पनि विरोध गरिनँ। किन विरोध गर्थें र? वास्तवमा म पनि त्यही नै चाहन्थें, मलाई पनि उत्सुकता त थियो नै। मेरो मुहार नजिकै आएर सानो आवाजमा उनले सोधे,ँके छ विचार? उनको स्वासको तातो र सुगन्धित हावाले मेरो मन झन् चञ्चल बनायो। केहीबेरको लागि मेरो मनबाट तनाव भाग्यो, म सुहागरातको रोमाञ्चक वातावरणमा भुलें।

'के छ विचार?' भन्ने उनको प्रश्नले मलाई लाज लागेको थियो र अलिकति मुन्टो बटारेर मैले भनेँछिः पहिलो दिनमा नै?

आज सुहागरात हो नि त्यसलाई हामीले अविस्मरणीय बनाउनु पर्छ उनले झन् नजिक आएर मेरा अधरहरू चुम्न खोज्दै हँसिलो मुहारमा भने।

ँअरूले थाहा पाए भने के भन्लान्? नाइँ हुन्न मैले बहाना बनाएको जस्तो गरेर नजर झुकाएर भनें। तर उनका नशिला नजरहरू, मन्द मुस्कान, र स्वासको न्यानो कामुकताले मलाई लठ्ठ बनाइसकेको थिय । म अर्कै संसारमा प्रवेश गरिसकेकी थिएँ।

कस्ले थाहा पाउँछ र? उनले मलाई मनाउन प्रयास गर्दै भने।

जे भए पनि भन्दै मैले उनलाई आफ्नो बाहुबाट हटाउन प्रयत्न गरें तर उनले मानेनन्। त्यसपछि मैले उनका बलिष्ठ बाहुहरू आफूबाट हटाउन कोशिस गरिनँ।

रात छिप्पिन लागिसकेको थियो। बाहिर सबैतिर चकमन्न भैसकेको थियो। उनले कोठाको बत्ती निभाए। पूर्णिमाको रात रहेछ, बाहिर टहटह जून लागेर उज्यालो थियो। कोठामा लगाएको पर्दाको सानो छिद्रबाट छिरेको पूर्णचन्द्रको प्रकाश बिम्बले पनि मलाई नै हेरिरहेको जस्तो लाग्यो।

म चन्द्रमासँग पनि लजाएँ अनि झ्यालतिर हातको इशाराले देखाएर उनलाई पर्दा खुलै छ भने। उनले पर्दा पूरै बन्द गरे अनि फर्केर फेरि मेरो नजिक आए।

मैले 'जीरो वाट'को रातो प्रकाशको बत्ती पनि निभाउन इशारा गरें। त्यो बत्ती पनि निभेपछि कोठामा पूर्ण अन्धकार छायो त्यसपछि मलाई अलि ढुक्क जस्तो भयो र लाज पनि अलि कम भयो।

उनले विस्तारै मेरो शरीरका अङ्ग प्रत्यङ्गमा हात लगाउन थाले। कुनै जवान पुरूषले मेरो शरीर छुँदा मलाई पहिले काउकुती लागेजस्तो भयो तर पछि कुखुराको छालामा उठेका बिबिराजस्तै गरी शरीरभरि काँडा उठे र जिउ नै जिरिङ्ग भयो।

पहिलो पटक एकजना लोग्ने मान्छेसँग त्यसरी नजिक हुँदा डर र संकोच दुवै लाग्ने नै भयो। तर उनलाई चाहिँ कुनै संकोच लागेको थिएन, उनी पूर्णरूपमा कसरी मलाई आफ्नो कब्जामा बनाउने भन्ने ध्येयमा थिए। सायद त्यही नै होला स्त्री र पुरूषमा फरक। उनले विस्तारै मेरो ओठ चुम्न थाले। एकैछिनमा मैले उनलाई मेरो ओठमात्रै हैन सम्पूर्ण शरीर नै सुम्पिएँ। म एक नारी, लोग्ने मान्छेलाई आफूमा समाहित गर्ने मेरो क्षमता छ। मैले उनको मनमात्रै है तनलाई पनि आफूमा समाहित गरें, एकैछिनमा मैले उनलाई पनि तृप्त पारें र आफू पनि तृप्त भएँ।

त्यसपछि हामी संसारका सारा दुःख बिर्सेर स्वर्गको आनन्दमा अङ्गालो हालेर सुतिरहेका थियौं।

म 'भर्जिन' नभएको उनले थाहा पाएनन् भनेर म दुक्कजस्तै भएँ तर त्यही बेला उनले अचानक सोधेको प्रश्नले मलाई छाङ्गाबाट खसे झैं गरायो,ँयो भन्दा पहिले तिम्रो कसैसँग '?

किन र? मैले झस्केर सोधें।

जे प्रश्न उनले नसोधुन् भनेर मैले पुकारा गरेकी थिएँ त्यही प्रश्न उनले सोधेका थिए। जुन कुरा उनले थाहा नपाऊन् भन्ने म चाहन्थें, सबभन्दा पहिले नै त्यो कुरा उनले थाहा पाए। म कसरी भनूँ उनलाई कि ' हो, मैले 'भर्जिनिटी' गुमाइसकेकी छु' भनेर? मलाई त्यो कुरा भन्न डर लागेको थियो।

म चाहन्थें कि मेरो त्यो नितान्त व्यक्तिगत र गोप्य कुरा उनले थाहा नपाऊन्। सुहागरातको दिन थाहा नपाएपछि त त्यो प्रश्नबाट म सधैंको लागि सुरक्षित हुनेछु भन्नेमा म थिएँ। तर सत्य कुरो लुकाएर कसरी लुक्थ्यो र? मैले नभने पनि, उनले थाहा नपाए पनि सत्य त त्यही थियो कि उनीसँग बिहे हुनुभन्दा पहिले नै मैले गल्ती गरिसकेकी थिएँ।

हैन त्यसै सोधेको उनले आफ्नो मनको भाव लुकाउन खोज्दै भने। तर उनको प्रश्नको लवजले उनको भावलाई प्रवाहित गरिरहेको थियो। उनले सोझै नभने पनि बिहेभन्दा पहिले मेरो कसैसँग सम्बन्ध भएको र त्यसबाट आफू खुसी नभएको कुरा भन्न चाहेका थिए।

मैले बुझिसकेकी थिएँ- उनको सोझो अर्थ थियो- म उनले आशा गरेकी जस्तो 'भर्जिनिटी' नगुमाएकी पवित्र नारी थिइनँ।

हो, म 'भर्जिन' थिइनँ। तर त्यो एक दुर्घटना थियो। मैले जानी जानी त्यसो गरेकी थिइनँ। जवानीको जोशमा आफ्नो तृष्णा मेटाउनको लागि कहिलेकाहीं अलि बढी गरिन्छ। त्यो पनि मैले त्यस्तै जोशमा गरेको कार्य थियो। तर मैले त्यो कुरा कसैलाई भनेकी थिइनँ। कसैले थाहा नपाऊन् भनेर सबैबाट छिपाएकी थिएँ तर उनीबाट छिपेन।

सबै लोग्ने मान्छेहरूले अवश्य पनि आफ्नी श्रीमती ' भर्जिन' हुन् भन्ने चाहनु स्वभाविकै हो।

पुरूषहरू आफ्नी श्रीमती कसैले नकोरेको सफेद खाली पानाजस्तै चाहन्छन् ताकि त्यो शुद्ध पानामा आफ्नोमात्र नाम लेख्न पाइयोस्, आफ्नो आधिपत्य जमाउन पाइयोस्।

हो, पुरूषहरूले नारीहरूलाई कागज नै सोच्छन्, कसैले त्यो कागजमा आफ्नो नाम कोऱ्यो भने मेटाउन सकिँदैन, उनीहरूको लागि त्यो कुरूप देखिन्छ, पुरानो मानिन्छ। उनले पनि त्यही चाहेका थिए।

नयाँ भनेर किनेको सामान अरू कसैले पहिले नै प्रयोग गरिसकेको पुरानो सामान पऱ्यो भने क्रेतालाई कति चित्त दुख्छ, उनको हालत पनि त्यही भएको थियो।

हामी नारीहरूलाई पुरूषहरूले किनबेचका 'सामान' जस्तै नै त सोच्छन्। उनले पनि मलाई नयाँ सामान भनेर किनेका थिए तर पुरानो पऱ्यो भन्ने शंकामा दुःख मनाउ गर्दै थिए।

मेरो हुनेवाला पतिले सुहागरातको दिन मेरो बारेमा थाहा पाएर सोधिहालेछन् भने 'साइकल चलाएर त्यस्तो भएको हो' भनेर टार्ने भनेर मैले बिहे अगाडि नै मानसिकता बनाएकी थिएँ। त्यसैले आफ्नो योजना अनुसार नै मैले काँपेको स्वरमा भने, 'खै साइकल चलाउने भएकोले हो कि? मैले ढाँट्ने प्रयास गरे।

म हरेक दिन घरबाट ४ किलोमिटर टाढाको स्कुलमा उबडखाबड बाटो हुँदै साइकल चलाएर स्कुल जान्थें। तर मेरो 'भर्जिनिटी'मा विचरो साइकलको कुनै सम्बन्ध थिएन र उनले पनि त्यसमा विश्वास गरेननूँहैन होला। भन न मैले 'माइन्ड' गर्दिनँ भनेर मलाई आफ्नो गल्ती खोल्न दबाव दिन थाले।

मेरो गुमेको 'भर्जिनिटी'मा उनको अप्रसन्नता लुकेको स्पष्ट थियो।

'मैले 'माइन्ड' गर्दिनँ' भनेर आफूलाई मेरो सामू आधुनिक देखाउन चाहे पनि उनले निकै 'माइन्ड' गरिसकेका थिए।

उनले मलाई आफ्नो काखाबाट हटाए, मलाई नछोएर उत्तानो परेर सुते, उनको बेखुसी अँध्यारो त्यो कोठामा पनि उनका बोली र कृयाकलापले स्पष्ट देखाइरहेका थिए।

उनी जान्न चाहन्थे कि आफूले मात्र आफ्नो नाम कोर्न चाहेको कागतमा कुन चाहिँ दुष्टले पहिले नै आफ्नो नाम कोरेछ भनेर, उनी जान्न चाहन्थे कि आफूले नयाँ भनेर किनेर ल्याएको सामान पहिले नै कसले प्रयोग गरिसकेको रहेछ भनेर। तर मेरो त्यो गोप्यता खोल्ने पक्षमा म थिइनँ। मलाई लाज लागिरहेको थियो । उसो भए खेलकुदले गर्दा हो कि? मैले फेरि अर्को बहाना बनाएँ। म 'हाइ जम्प'को खेलाडी पनि थिएँ। वास्तवमा मैले मेरो 'भर्जिनिटी' तोडेको पनि एकपटक टुर्नामेन्टमा गएको बेला होटलमा बसेको समयमा नै थियो।

तर मैले उनलाई खेलको बहानाले पनि चित्त बुझाउन सकिनँ। मेरो पहिले कुनै केटा साथीसँग शारीरिक सम्बन्ध नै भएको शंका उनका प्रश्नहरूले व्यक्त गरिरहेका थिए।

उनी चाहन्थे कि म कुनै एक जना केटाको नाम लिऊँ ताकि उनले मेरो पवित्रतामा प्रश्न उठाउन पाऊन् र आफूलाई मभन्दा पवित्र प्रमाणित गर्न सकून् अनि भविष्यमा हरेक कुरामा मेरो पवित्रताको कुरालाई लिएर मलाई हेप्ने, पीडा दिने, मेरो सानो गल्तीलाई बहाना बनाएर आफूले त्यो भन्दा केयौं गुणा ठूलो गल्ती गर्न पाऊन् र आवश्यक परेमा मलाई छोड्ने सम्मको बहाना बनाउन सकून्।

उनको दबावले गर्दा मैले आफ्नो कुरा नखोली सुखै नहुनेजस्तो भैसकेको थियो। म लाजले भुतुक्क भएकी थिएँ।

मलाई मात्र थाहा थियो त्यो दुर्घटना के थियो भन्ने। हुन त मैले कुनै पाप गरेकी थिइनँ तर म भर्जिन थिइनँ। मलाई थाहा पनि थिएन 'भर्जिनिटी'लाई कसरी परिभाषित गर्ने।

तर उनले सोचेजस्तो कुनै पनि अर्को लोग्ने मान्छेसँग म निकट भएकी थिइनँ। मेरो शरीर पवित्र थियो, मेरो मन पवित्र थियो। कसैले यसलाई छुन पनि पाएका थिएनन्, कसैले यसमा राज गर्न पाएका थिएनन्। मेरो परिभाषा अनुसार म कुमारी नै थिएँ तर उनको परिभाषा अनुसार म 'भर्जिन' भने थिइनँ। आफ्नो यौन सन्तुष्टि पूरा गर्न मैले आफैंले आफ्नो सहायता गरेकी मात्र थिएँ। त्यसैबाट मैले उनले भनेको जस्तो आफ्नो भर्जिनिटी गुमाएकी थिएँ।

मैले जे गरेकी थिएँ त्यो कुरा उनलाई भन्न मलाई लाज लागिरहेको थियो। मलाई आफ्नो कार्यप्रति आत्मग्लानी र लघुताभाष भएको थियो।

अब लाजै पचाएर आफूले गरेको काम नभनी नहुने भयो भनेर सोचिरहेकी बेला मेरो मनमा पनि कुनै बिजुली परेजस्तो गरी अचानक एउटा प्रश्न आयो- म 'भर्जिन' हैन भन्ने उनले कसरी थाहा पाए त? मैले त्यही प्रश्न उनलाई सोधें।

उनले कत्ति पनि हडबड नगरी उत्तर दिए, थाहा भैहाल्छ नि। मलाई त्यस्तो 'फिलिङ' नै भएन ।

फिलिङ' भएन? कस्तो 'फिलिङ' हुनुपर्छ र? मैले उनकै शब्दहरू दोहोऱ्याएर 'फिलिङ' शब्दमा विशेष जोड दिएर प्रश्न गरें।

मैले दोहोऱ्याएर सोधेको प्रश्नले बल्ल उनलाई होशमा ल्यायो। त्यसपछि उनी झस्किए। मलाई चोर पकड्ने धुनमा उनी आफैं चोर पकडिए- आफ्नी श्रीमतीलाई पवित्र खोज्ने, उसको कुमारित्वमाथि प्रश्न गर्ने उनी आफैं चाहिँ पवित्र रहेनछन्।

रविन र सुनिताले जिते बिर्तामोड मिनी म्याराथन

बिर्तामोड (प्रस) । शहीद दिवसको अवसर पारेर बिर्तामोडमा आयोजित नगरस्तरीय मिनी म्याराथनको उपाधि रविन सुब्बा र सुनिता किस्कुले जितेका छन् ।

बिर्तामोड नगरपालिकाअन्तर्गत नगर खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगितामा पुरुषतर्फ सुब्बाले सात किलोमिटरको दूरी २६ मिनेट ०७ सेकेन्डमा पूरा गरेका थिए ।त्यस्तै, दोस्रो भएका अनिस बस्नेतले २७ मिनेट २४ सेकेन्ड, तेस्रो भएका विधान राईले २७ मिनेट ४५ सेकेन्ड, चौथो भएका दावा तामाङले २८ मिनेट र पाँचौं भएका मनिष श्रेष्ठले २८ मिनेट २२ सेकेन्डमा दौड पूरा गरेका थिए ।त्यस्तै, महिलातर्फको पाँच किलोमिटर दौडमा सुनिताले २३ मिनेट ३० सेकेन्डमा दौड पूरा गरेकी थिइन् । दोस्रो भएकी ईश्वरी लिम्बूले २३ मिनेट ३५ सेकेन्ड, तेस्रो भएकी भावना राईले २५ मिनेट ३० सेकेन्ड, चौथो भएकी माया तामाङले २६ मिनेट ३१ सेकेन्ड र पाँचौं भएकी आइसा राईले २७ मिनेट ३५ सेकेन्डमा दौड पूरा गरेकी थिइन् ।

विजेताहरुले क्रमशः नौ हजार, सात हजार, पाँच हजार, तीन हजार र एक हजार नगदसहित प्रमाणपत्र पाए । पुरुषतर्फ ५५ जना र महिलातर्फ १६ जनाले प्रतियोगितामा भाग लिएका थिए ।म्याराथनको उद्घाटन १ नम्बर प्रदेशका प्रदेशसभा सदस्य एकराज कार्कीले सिटी फुकेर गरेका थिए । समितिका अध्यक्ष टिकाप्रसाद संग्रौलाको अध्यक्षतामा भएको पुरस्कार वितरण कार्यक्रममा प्रदेशसभा सदस्य कार्कीले स्वास्थ्यका लागि मात्र नभई राष्ट्र लागि पनि खेलकुद जरुरी रहेको उल्लेख गरे ।त्यस्तै, नगरप्रमुख ध्रुवकुमार शिवाकोटीले गत वर्षबाट सुरु भएको मिनी

❖ बाँकी तेस्रो पृष्ठमा

बिर्तामोडमा लागुऔषधको विगविगी-डिएसपी आचार्य

बिर्तामोड (प्रस) । बिर्तामोड ३ स्थित बिर्ता सामुदायिक प्रहरी सेवा केन्द्रले भखरै इलाका प्रहरी कार्यालय बिर्तामोडमा सरुवा भएर आएका प्रहरी नायव उपरीक्षक सन्तोष आचार्यलाई स्वागत गरेको छ ।

एक परिचयात्मक कार्यक्रम गरी प्रहरी सेवा केन्द्रले डिएसपी आचार्यलाई स्वागत गरेको हो । प्रहरी सेवा केन्द्रका अध्यक्ष केशवराज पाठकको अध्यक्षता तथा वरिष्ठ सल्लाहकार लोकबन्धु कन्दङ्वाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा डिएसपी आचार्यलाई जनताको सेवामा इमान्दार र कर्तव्यनिष्ठ भएर लाग्न शुभकामना दिइएको थियो । आचार्यले बिर्तामोडमा लागुऔषधको धेरै विगविगी रहेको भन्दै त्यसलाई नियन्त्रण गर्न सबै लाग्न जरुरी भएको जोड दिए । प्रहरी सेवा केन्द्रकी कोषाध्यक्ष जानुका थापा मगरले स्वागत गरेको कार्यक्रमको संचालन सचिव कृष्ण राजवंशीले गरेका थिए ।कार्यक्रममा बिर्तामोड ३ का वडाध्यक्ष भोजराज सिटौलाको विशेष आतिथ्यता रहेको थियो ।

गायक कार्कीको स्मृति दिवस

भद्रपुर (प्रस) । युवा गायक विवेक कार्कीको चौथो स्मृति दिवस शनिबार भद्रपुरमा विविध कार्यक्रमका साथ सम्पन्न भएको छ । विवेक कार्की स्मृति सांगितिक प्रतिष्ठान नेपालको आयोजनामा भद्रपुरस्थित श्रीकृष्ण द्वैपायन गुरुकुल वेद विद्याश्रमको सभाकक्षमा विविध सांगीतिक र आध्यात्मिक कार्यक्रम गरिएको हो ।

प्रदेश १ का सांसद बसन्त बानियाँको प्रमुख आतिथ्य र प्रतिष्ठानका अध्यक्ष चिन्तामणि दाहालको अध्यक्षतामा स्वस्ती वाचन, शास्त्रीय नृत्य, आधुनिक गीत गायन, वेदपाठ, पुजापाठ, ब्राम्हण भोजन र बटुक भोजनका लागि खाद्य सामग्री हस्तान्तरणलगायतका कार्यक्रम गरिएको थियो ।

सो अवसरमा विवेकका मातापिता तथा प्रतिष्ठानका संरक्षक लक्ष्मी कार्की र रिता कार्कीले कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था गरेका थिए । कार्यक्रममा सांसद बानियाँले गायक विवेकले युवा वयमै संगीतको क्षेत्रमा दिएको योगदान अविस्मरणीय रहेको चर्चा गर्दै संगीत क्षेत्रको विकास र प्रबर्द्धनबाट मात्र देशले समृद्धि र उचाई हासिल गर्ने बताए ।

युवा बयमै आधुनिक गीतमा सिद्धहस्त गायक र संगीतकार भइसकेका विवेकको २०७३ साल माघ १७ गते हृदयघातबाट ३० बर्षको अल्पायुमै निधन भएको थियो ।

भद्रपुर जेसीजको पद हस्तान्तरण

भद्रपुर (प्रस) । सन् २०२१ का लागि भद्रपुर जेसीजको अध्यक्षको पदभार खिलनाथ पाण्डे निकाशले लिएका छन् । सन् २०२० का अध्यक्ष डिल्लीराम पोखरेलले नवनिर्वाचित अध्यक्ष पाण्डेलाई पदीय दायित्व हस्तान्तरण गरेका हुन् ।

नेपाल जेसीजका पूर्व अध्यक्ष अर्जुन प्रसाईको प्रमुख आतिथ्य तथा भद्रपुर नगर प्रमुख जीवनकुमार श्रेष्ठको विशेष आतिथ्यमा सम्पन्न पद हस्तान्तरण कार्यक्रममा विभिन्न क्षेत्रका उत्कृष्ट व्यक्तिहरूलाई सम्मान गरिएको थियो ।

संस्थागत विद्यालय शिक्षक युनियन भद्रपुरका सचिव समेत रहेका पाण्डे भद्रपुर जेसीजको अध्यक्ष पदमा निर्विरोध चयन भएका थिए ।

विभिन्न सामाजिक संघसंस्थामा आबद्ध पाण्डेले भद्रपुरको समृद्धिका लागि युवा शक्तिको सोच परिचालन अपरिहार्य रहेको धारणा राख्दै समाजसेवामा भद्रपुर जेसीजलाई क्रियाशील रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

यसैगरी भद्रपुर जेसीजको २ कार्यकारी उपाध्यक्षका लागि रमेश कार्की, आरिफ अली विजयी भएका थिए भने ४ उपाध्यक्षमा रविन कार्की, शैलेस श्रेष्ठ, एकराज भट्टराई र अभिषेक प्रधान विजयी भएका थिए । त्यसैगरी अध्यक्ष पाण्डेले महासचिवमा मनोज भट्टराई, कानुनी सल्लाहकारमा दिपक पाण्डे, शिक्षा संयोजकमा शेखर बुढाथोकी, प्राविधिक संयोजकमा प्रकाश भट्टराईलाई मनोनयन गरेर पदीय जिम्मेवारी बाँडेका छन् ।

प्रतिमा जमुना मेडिकल स्टोर एण्ड क्लिनिक
मेचीनगर -१०, धुलाबारी, झापा

डा. रोशन पोखेल MBBS MD (TU. TH.) वरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ NMC NO: 3121 प्रत्येक महिनाको पहिलो शनिवार बिहान १०: ०० बजे	डा. जय कुमार ठाकुर MBBS D.C.H.M.D. (TU) वरिष्ठ स्त्री रोग विशेषज्ञ प्रत्येक बिहिबार दिउँसो ०३: ३० बजे देखी
डा. सि.बि. झा MBBS MD (TU) वरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ प्रत्येक महिनाको दोश्रो र चौथो बुधबार	डा. रईस पोखरेल MBBS MS (TU. TH. Iom) (Ent & HNS) वरिष्ठ नाक कान घाँटी टाउको रोग विशेषज्ञ प्रत्येक शनिबार बिहान ०९ बजेदेखी
डा. कुमुद कुमार लिम्बु MBBS M.S. (Ortho) वरिष्ठ हाड जोर्नी तथा नशा रोग विशेषज्ञ प्रत्येक शनिबार बिहान १०: ०० बजेदेखी	डा. लता श्रेष्ठ MBBS M.D. (M.S.) स्त्री तथा प्रशुती रोग विशेषज्ञ प्रत्येक शनिबार दिउँसो १२ बजेदेखी ०२ बजे सम्म
डा. केशव ढकाल MBBS M.D. Dermatologist छाला तथा यौन रोग विशेषज्ञ	डा. पोषण रमण त्रिपाठी MBBS (T.U.), MDGE (BPKISH, Dharan) Family Physcian
डा. अश्विनी कुमार रञ्जन MBBS (Dharal) MS (NAMS) NMC: 16201 वरिष्ठ सर्जन मेची अञ्चल अस्पतालबाट प्रत्येक सोमबार र शुक्रबार २:३० बजेदेखी	सि. एन. सिंह HAGM, (IOM) TU प्रत्येक दिन बिहान ०७ बजेदेखी बेलुका ०७ बजेसम्म

इन्दु सुब्बा ANM (बेथे तह) (TU)	डा. जयकुमार ठाकुर MBBS (MD) Gyenologist प्रत्येक सोमबार ३:३० बजेबाट	डा. ज्ञानेन्द्र शाह नाक,कान तथा घाँटी रोग विशेषज्ञ प्रत्येक शनिबार १० बजेबाट (धरानबाट)

डा. सन्दिप चन्द्र श्रेष्ठ MBBS MD
वरिष्ठ फिजिसियन बिर्ता सिटि अस्पतालबाट
प्रत्येक शनिबार बिहान १० बजेदेखी

प्राथमिक स्वास्थ्य केन्द्र गेट अगाडी
धुलाबारी, झापा
सम्पर्क: ०२३-५६१५६६, ५६०७९२, ९८५२६७१८०२, ९८०७९३१३८२

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२७७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधै सम्झनुहोस ।

बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Crea tion
Illustra
Print Produc
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६००१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

राशिफल

मेष : आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ ।
वृष : आज मनमा हर्ष,उमङ्ग र उत्साह छाउने र जोश जाँगर बढ्नेछ ।
मिथुन: आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ ।
कर्कट : मान प्रतिष्ठामा बृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।
सिंह : निर्णायक क्षमतामा कमी आउनेछ । स्वस्थ्य सम्बन्धी चिन्ता बढ्नेछ ।
कन्या : आँटेको र ताकेको कार्य पुरा होला । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ ।
तुला : नयाँ कार्य वा रोजगार पाइनेछ ।
वृश्चिक : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । पार्टी तथा सेमिनारमा सहभागी भइएला ।
धनु : नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।
मकर : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ ।
कुम्भ : आज रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ ।
मीन : नयाँ कार्यको योजना बन्नेछ । शेयर बजारबाट सफल मिल्नेछ ।

प्रतिदिन दैनिकमा विज्ञापन दिन तथा ग्राहक बन्नका लागि हाम्रो ठेगाना- प्रधान कार्यालय : ०२३-५४३८२० । शाखाहरू: O6x/L÷lj/f6gu/ ‖ (*$@)(@$)^, bds ‖ ljj0f' ;ǂaf (*%@^&)!#&, rf/cfnL ‖ (*$@&)#)!#, whfaf/L ‖ ufŋaGb l3ld/] (*!%(%)!%), ebk⁄/ ‖ nfȝaxfbɣ sȝ/ (*$@^*#((^, chȝwf/f ‖ eȣd a/fn (*$$^@%##%